# WORCESTER PUBLIC SCHOOLS

**GREGORY BARES**
MANAGER OF GRANT RESOURCES/
TITLE I DIRECTOR

DR. JOHN E. DURKIN ADMINISTRATION BUILDING
20 IRVING STREET
WORCESTER, MASSACHUSETTS 01609-2493
PHONE (508) 799-3108 FAX (508) 799-8158

**माध्यमिक शिक्षा ऐन (इ एस इ ए) [(खण्ड १११२(इ)(१))ए)] र एभ्री स्टुडेन्ट सक्सिड ऐन [(खण्ड १११२ (इ)(१))ए)] सँग सम्बन्धित जानकारी**

अगष्ट २०१९

प्यारा आमाबुवा(हरू)/वैधानिक अभिभावक(हरू):

तपाईको बच्चा पढ्ने स्कूलले विद्यार्थीहरूलाई उच्च गुणस्तरको शिक्षा हासिल गराउन सहयोग पुर्‍याउनको लागि फेडरल टाइटल १ (संघिय कोष) बाट अनुदान प्राप्त गर्दछ। तपाईलाई हामी यस कानूनबारे महत्त्वपूर्ण जानकारी दिन गइरहेका छौं। यस पत्र मार्फत तपाईलाई आफ्नो बच्चाको कक्षामा पढाउने शिक्षकको योग्यता के हो भनेर जानकारी माग्न पाउने अधिकार थाहा पाउनु हुनेछ।

आउने स्कूल वर्षमा तपाईको बच्चालाई उच्च स्तरीय शिक्षा दिन हाम्रा शिक्षकहरू तयार भएर आएको हामीले महसुस गरेका छौं र हामी हाम्रो शिक्षकहरू प्रति गर्व गर्दछौं। टाइटल १ स्कूल भएको कारणले गर्दा इ एस इ ए मा ब्याख्या गरे अनुसार हामीले शिक्षकको योग्यता सम्बन्धि नियमहरूको पालना गर्नै पर्दछ। उक्त नियमरूद्वारा तपाईले आफ्नो बच्चाको कक्षा शिक्षकको तालीम तथा प्रमाणपत्रहरूको बारेमा थाहा पाउन सक्नु हुनेछ। यो सूचना तपाईले जुनसुकै बेला माग्नु भएमा हामी तपाईलाई खुशी साथ दिनेछौं।

- शिक्षकले पढाउने कक्षाको तह र विषय सम्बन्धि राज्यद्वारा अनिवार्य गरेको योग्यता र प्रमाणपत्र भएको वा नभएको जानकारी पाउन सक्नुहुनेछ :
- शिक्षकले आकस्मिक वा शर्त सहितको प्रमाणपत्र प्राप्त गरेको हो कि, जसले गर्दा राज्यले अनिवार्य गरेको योग्यता मिनाहा भएको हुन सक्दछ।
- शिक्षकले स्नातक अथवा स्नातकोत्तर कुन तहको डिग्री लिएका छन्, स्नातक भएका प्रमाण पत्रहरू लगायतका थप डिग्रीहरू, र प्रमुख क्षेत्रहरू तथा एकाग्रता कुन विषयमा हो थाहा पाउन सक्नु हुन्छ।

तपाईको बच्चाले पाराप्रोफेशनल (सहयोगी शिक्षक) बाट सहयोग पाइरहेको छ भनेर सोध्न सक्नु हुनेछ। यदि तपाईको बच्चाले सहयोग पाएको छ भने हामी तपाईलाई उक्त पाराप्रफेशनलको योग्यताको बारे जानकारी उपलब्ध गराउन सक्छौं।

डिसेम्बर २०१५ मा कानूनी रूपमा लागू भएको एभ्री स्टुडेन्ट सक्सिड ऐन (इ एस इ ए) र १९६५ को प्राथमिक तथा माध्यमिक शिक्षा ऐन (इ एस इ ए) लाई पुनःअधिकृत गरिएको ऐनमा जान्न पाउने अधिकार सम्बन्धि थप व्यवस्थाहरू समावेश गरिएको छ। आमाबुवा तथा परिवारका सदस्यहरूले निम्न जानकारीहरू अनुरोध गर्न सक्नेछन्:

- बच्चा परीक्षामा सहभागी हुने नीतिको जानकारी
- अनिवार्य परीक्षामा समावेश कुराहरूको जानकारी
    - परीक्षा लिइएको विषय वस्तु
    - परीक्षाको उद्देश्य
    - अनिवार्य गरिएको भए श्रोत खुलाउने
    - विद्यार्थीलाई परीक्षा सकाउन लाग्ने समय
    - नतिजा प्रकाशित हुने समय र आँकडा

तपाईको बच्चालाई स्कूल तथा स्कूल बाहिर सफल हुन चाहिने शैक्षिक ज्ञान तथा आलोचनात्मक सोंचको विकास गरी सहयोग पुऱ्याउन हाम्रा कर्मचारीहरू प्रतिबद्ध छन्। उक्त प्रतिबद्धताले हाम्रा सबै शिक्षकहरू र पाराप्रोफेशनलहरूले राज्य तथा संघीय सरकारले अनिवार्य गरेका सबै आवश्यकताहरू पूरा भएको कुरा पनि सुनिश्चित गर्दछ।